
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०८९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर ९ गते शनिबार ❑ 25 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानमा ऐक्यबद्धता जनाउन आग्रह

रासस
काठमाडौं, ८ मंसिर

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यलेलैङ्गिकहिंसाविरुद्धको १६ दिने अभियानमा ऐक्यबद्धता जनाउन सरोकार भएका पक्षलाई आग्रह गर्नुभएको छ ।

मन्त्रालयद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री आचार्यले नोभेम्बर २५ देखि डिसेम्बर १० तारिखसम्म व्यक्ति, परिवार, नागरिक समाज, सङ्घ संस्थालगायतका सरोकार भएका पक्षलाई सचेतनामूलक तथा सन्देशमूलक कार्यक्रम सञ्चालन गरी अभियानलाई ऐक्यबद्धता जनाउन आग्रह गर्नुभएको हो । मन्त्री आचार्यले अभियानलाई व्यापक रुपमा सञ्चालन गर्न सातै प्रदेशमा प्रदेशस्तरीय जनचेतनामूलक विभिन्न कार्यक्रम गरी मनाउने तयारी रहेको उहाँले बताउनुभयो । "अघिल्ला वर्ष राजधानी केन्द्रित त्याली हुने गरेकोमा यसवर्ष सबै तह, निकायको समन्वय, सहकार्य गर्दै सातै प्रदेशमा प्रदेशस्तरीय कार्यक्रम गरी मनाउने मन्त्रालयको तयारी छ", उहाँले भन्नुभयो ।

अन्तर्राष्ट्रिय प्रतिबद्धताले सिर्जना गरेको दायित्वलाई कार्यान्वयन गर्ने सम्बन्धमा संविधानलगायत महिला केन्द्रित नीति, कानुन, योजना, संरचना तथा कार्यक्रम निर्माण गरी उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गरेर महिलाको जीवनस्तर माथि उठाइ समृद्ध समाज निर्माण गर्न सरकार प्रयासरत रहेको उहाँको ठहर छ । मन्त्री आचार्यले महिलाको हक अधिकार सुरक्षित गर्दै महिलाविरुद्ध हुने जुनसुकै प्रकारको हिंसा तथा विभेदलाई शून्य सहनशीलताको नीति लिई पूर्णरुपमा अन्त्य गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो ।

सोही सम्मेलनमा मन्त्रालयका लैङ्गिक हिंसाको अन्त्यको लागि पुरुष सञ्जालका सदस्य संयोग ठकुरीले अभियानको ऐतिहासिक पृष्ठभूमि, राष्ट्रिय तथा अन्तर ष्ट्रिय प्रतिबद्धता, अभियानका कार्यक्रम लगायतका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै महिला हिंसा उन्मूलन गर्न सबैले हातेमालो गर्न आवश्यक रहेको बताउनुभयो ।

मङसिर ९ गतेदेखि २४ गतेसम्म सञ्चालन हुने अभियानको यसवर्ष अन्तर ष्ट्रिय नारा 'महिला र बालबालिकाविरुद्ध हिंसा रोकन एकजुट लगानी' का साथै 'लैङ्गिक हिंसा अन्त्यको सुनिशिता : महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' रहेको छ । यो राष्ट्रिय नाराका साथ यसवर्ष विभिन्न कार्यक्रम गरी दिवस मनाइने भएको छ ।

## आइटीएफ वर्ल्ड टेनिस टुर जे-३० खेल्न विभिन्न राष्ट्रका खेलाडी पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ८ मंसिर

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा शनिबारदेखि आइटीएफ वर्ल्ड टेनिस टुर जे-३० पोखरा हुने भएको छ ।

दुई साता सम्म चल्ने प्रतियोगितामा पुरुषतर्फ क्वालिफाइङ्ग र मेन ड्र गरि ६४ खेलाडीको सहभागिता रहने बताइएको छ। त्यसैगरि महिलातर्फ विभिन्न राष्ट्का ४७ खेलाडीको सहभागिता रहने आयोजक संघले शुक्रबार पोखरामा पत्रकार सम्मेलन गरि जानकारी दिएको छ । पुरुषतर्फ भारतबाट ४४, रसियाबाट १, अमेरिकाबाट २, जापानबाट ४, नेपालबाट १०, क्यानडाबाट १, चाइनाबाट १ र श्रीलंकाबाट १ जना खेलाडीले भाग लिनेछन् । महिलातर्फ जापानबाट १, थाइल्याण्डबाट १ जना, अमेरिकाबाट १ जना, भारतबाट ३० जना, नर्वेबाट १ जना, काजकिस्तानबाट १ जना र नेपालबाट ७ जना खेलाडीले भाग लिने प्रतियोगितामा भाग लिने सो अवसरमा जानकारी दिइयो । प्रतियोगितामा विजेता खेलाडीले ३० अंक, उपविजेताले १८, सेमिफाइनलिष्टले, क्वाटरफाइनलिष्टले ५ र राउण्ट अफ सिक्टिनमा पुग्नेले आइटीएफको २ अंक पाउने टेक्निकल डाइरेक्टर अजय विष्टले बताए ।

आयोजक कास्कीले यसअघि आइटीएफका विभिन्न प्रतियोगिताहरु आयोजना गर्दै पोखराको खेल पर्यटन विकासमा महत्पूर्ण योगदान पुर्याएको संघ कास्कीका अध्यक्ष लोक गुरुङ्गले बताए । खेलाडी, प्रशिक्षक तथा अभिभावक सहित झण्डै ३ सय जना पाहुना २ साताका लागि पोखरा बस्ने गुरुङ्गले जनाए । एउटै प्रतियोगिता सम्पन्न गर्न झण्डै २० लाख खर्च लाग्ने गरेको संघ कास्कीका अध्यक्ष अनुजकुमार बाँस्तोलाको भनाई थियो । यसपटकको प्रतियोगिता सम्पन्न गर्न पनि झण्डै २५ लाख खर्चको अनुमान रहेको उनले बताए । नेपाल पर्यटन बोर्ड, प्रदेश सरकार, पोखरा महानगर लगायत विभिन्न सहयोगीहरुबाट सहयोगको अपेक्षा राखिएको बाँस्तोलाले पत्रकार सम्मेलनमा बताए । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिननाथ बरालले प्रतियोगिता सफलताको शुभकामना व्यक्त गर्दै सञ्चार क्षेत्रबाट सहयोग रहने बताए । संघ कास्कीका महासचिव नविन श्रेष्ठले कार्यक्रम सञ्चालन तथा प्रथम उपाध्यक्ष नविन चालिसेले स्वागत मन्तव्य राख्दै प्रतियोगिताका बारेमा प्रकास पारेका थिए ।

## मुख्यमन्त्रीद्वारा हनुमतधाम निर्माणस्थल अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, ८ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अन्नपूर्ण गाउँपालिका-४ थाप्लेस्थित हनुमतधाम निर्माणस्थलको आज स्थलगत अवलोकन गर्नुभएको छ ।

प्राचीनकालदेखि सल्यान र आसपासका सर्वसाधारणले श्रद्धाभक्तिपूर्वक पूजाआजा गर्दै आएको थाप्लेको भूमे मन्दिर नजिकै निर्माण गर्न लागिएको हनुमतधामको स्थलगत निरीक्षणसँगै मुख्यमन्त्रीले सम्बद्ध स्थानीयवासी, निर्माण समितिसँग छलफल गर्नुभएको थियो ।

धाम निर्माणका लागि गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन तयार गरिसकिएको छ । उक्त प्रतिवेदनअनुसार ७० मिटर लम्बाइ र ५० मिटर चौडाइ क्षेत्रफलमा हनुमानको मूर्ति राखिने जनाइएको छ ।

डोमबाट ६४ फिट उचाइमा हनुमानको मूर्ति रहने छ । मूर्तिसहित राम-सीताको मन्दिरलगायत संरचना रु २३ करोड ७३ लाख ५३ हजारको लागतमा निर्माण गरिने डिपिआरमा उल्लेख छ । सो अवसरमा मुख्यमन्त्री पाण्डेले धार्मिक पर्यटकीयस्थलका रूपमा यस स्थलको विकास गर्न सकिने बताउनुभयो । निर्माण समितिले जग्गा प्राप्तिलगायत कामलाई अघि बढाउनुपर्ने बताउँदै उहाँले प्रदेश सरकारका तर्फबाट साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले महावली हनुमानले लक्ष्मणलाई बचाउनका लागि कालाञ्जर पर्वतबाट सञ्जीवनी बुटी ल्याउने क्रममा यस स्थानमा टेकेको विश्वास रहेको बताउनुभयो । हनुमतधाम निर्माण गरी यस क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने उहाँले बताउनुभयो । हनुमतधाम निर्माण गरेसँगै यो गण्डकी प्रदेशको मात्र नभई समग्र नेपालको नै विशिष्ट धार्मिक पर्यटकीय गन्तव्य बन्ने शर्माको भनाइ छ ।

धामसँगै यस स्थानमा हनुमत औषधालय, गुरुकूल आदि निर्माण गर्ने लक्ष्य राखिएको छ । अन्नपूर्ण गाउँपालिकाका प्रमुख विष्णुबहादुर केसीले यस क्षेत्रको समृद्धि र विकासका लागि हनुमतधाम महत्त्वपूर्ण बन्ने बताउँदै निर्माणको लागि पालिकाका तर्फबाट सक्दो सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । निर्माण समितिका अध्यक्ष मोहदत्त पोखरेलले समिति निर्माण कार्यका लागि लागिरहेको बताउनुभयो । समितिले धाम निर्माणका सन्दर्भमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई समेत भेटेर यसबारे जानकारी गराएको समितिका सदस्य राजबहादुर गुरुङले जानकारी दिनुभयो । हनुमतधाम निर्माण सम्बन्धमा प्रधानमन्त्री सकारात्मक रहनुभएको र सहयोग गर्ने विश्वास व्यक्त गर्नुभएको गुरुङले बताउनुभयो ।

## एभरेष्ट एफएमको रक्तदान शनिबार

पोखरापत्र संवाददाता
पोखरा, ८ मंसिर

पोखराबाट प्रशारण हुने एभरेष्ट एफएम ९३ मेगाहर्जको आयोजनामा शनिबार हुने रक्तदान कार्यक्रमको सम्पूर्ण तयारी पुरा भएको छ ।

एभरेष्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेष्ट एफएमले आफ्नो वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रम गर्न लागेको हो ।

पोखरा - ५ प्रस्याडस्थित रेडियोको प्राङ्गणमा सञ्चालन हुने रक्तदान कार्यक्रम बिहान ७ बजेदेखि मध्यान्ह १२ बजेसम्म सञ्चालन गरिने कार्यक्रम संयोजक दीपेन्द्र श्रेष्ठले जानकारी दिए ।

'नियमित रक्तदान गरौं, जीवन बचाउने अभियानमा सहभागी बनौं' भन्ने मूल नाराका साथ रक्तदान कार्यक्रम गर्न लागिएको श्रेष्ठले बताए । रक्तदान कार्यक्रम रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोगमा हुने उनले बताए ।

'एफएमले आफ्नो वार्षिक तालिका अनुसारै रक्तदान कार्यक्रम गर्न लागेको हो । चाडपर्वका कारण नियमित रक्तदान कार्यक्रम नहुँदा हुनसक्ने रगतको अभाव पूर्ती गर्नपनि यो कार्यक्रम सहयोगी हुनेछ भन्ने हाम्रो विश्वास हो'- उनले भने ।

बडादशैं, तिहार, नेपाल सम्वत र छठ पर्वका कारण अन्य संघसंस्थाले नियमित रक्तदान नगर्दा पोखरामा रगतको अभाव भइरहेको परिस्थितिलाई मध्यनजर गर्दै रक्तदान कार्यक्रम गर्न लागेको रेडियोले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भारतीय तरकारी सस्तोमा बजार आउँदा नेपाली किसान मर्कामा

पोखरापत्र संवाददाता
वालिङ, ८ मंसिर

भारतीय तरकारी सस्तोमा नेपाली बजारमा आउँदा स्याङ्जाका कृषकले आफूहरु मर्कामा परेको गुनासो गरेका छन् ।

कठिन भौगोलिक अवस्थाका कारण यहाँका किसानको तरकारीको उत्पादन लागत बढी पर्न जान्छ । उत्पादन लागत बढी पर्ने हुँदा यहाँका किसानलाई भारतीय तरकारीभन्दा नेपाली तरकारी महँगोमा बिक्री गर्नुपर्ने बाध्यता छ ।

गल्याङ नगरपालिका-७, थुमका किसान अग्नि न्यौपानेले तरकारीलाई मुख्य पेसा बनाएको नौ वर्ष भयो । सुमन कृषि तथा पशुपालन फार्ममार्फत उहाँले अदुवा, टमाटर, काउली, बन्दाकोभी, अकबरे खुर्सानी, बेमौसमी मकै, साग, मुला, धनियाँलगायत खेती गर्दै आउनुभएको छ । न्यौपानेले भारतीय तरकारी सस्तोमा नेपाली बजारमा आए पनि तरकारी बेचेर वार्षिक रु सात लाख आम्दानी गर्ने गरेको जिकिर गर्नुभयो ।

"भारतीय तरकारी सस्तोमा बजारमा आउँदा हाम्रो उत्पादनले उचित मूल्य पाएको छैन", उहाँले भन्नुभयो, "यही व्यवसायबाट छ जनाको परिवार राम्रोसँग पालेको छु, भविष्यका लागि धेरैथोरै रकम जम्मा पनि गरेको छु ।" न्यौपानेलेले दस रोपनी जमिनमा लगाउनुभएको चार टन अदुवा बिक्री गरेर अघिल्लो वर्ष रु तीन लाख ५० हजार आम्दानी गर्नुभएको थियो । उहाँको छोरी समीक्षाले प्राविधिकतर्फ तीनवर्षे बाली विज्ञान पढ्दै आउनुभएको छ । बाबाले गरेको कामको सम्मानका लागि र राज्यले कृषि क्षेत्रमा गरेको लगानी सदुपयोग गर्न आफूले कृषि प्राविधिक विषय रोजेको उहाँको भनाइ थियो । समीक्षाले यस क्षेत्रमा कृषिको प्रचुर सम्भावना भए पनि सिँचाइको असुविधा र भारतीय तरकारीले बजार खाँदा समस्यामा परेको गुनासो गर्नुभयो । "हामीले उत्पादन गरेका तरकारी विषादीरहित र गुणस्तरीय छन्", समीक्षाले दुखेसो पोख्नुभयो, "हाम्रो उत्पादन बजार पुग्दा भारतीय तरकारी पनि सस्तोमा बजारमा आउँछ, अनि हामी पनि सस्तोमा बिक्री गर्न बाध्य हुन्छौं । यसैले नेपालका व्यावसायिक कृषकलाई टिकाउन भारतीय तरकारी विस्थापन गर्नुपर्छ ।" त्यस्तै वालिङ नगरपालिका-५, पिल्लेकका हुमनाथ लामिछानेले जिल्लामा सफल कृषकको पहिचान बनाउनुभएको छ । शिक्षण पेसा बीचमै छोडेर व्यावसायिक तरकारी खेतीमा लाग्नुभएका उहाँले पनि भारतीय सस्तो तरकारीका कारण आफूहरु मारमा परेको गुनासो गर्नुभयो ।

लामिछानेले गोलभेँडा, काउली, बन्दा, काँक्रो, सिमी, बोडी, अकबरे खुर्सानीलगायत तरकारी लगाउँदै आउनुभएको छ । उहाँको फार्ममा पाँच सय ५० बोट सुन्तला, तीन सय बोट कफी, १८ घार माहुरी र गड्यौलासमेत छन् । लामिछानेले फार्मबाट वार्षिक रु १२ लाख बराबरको कृषिउपज बिक्री हुने गरेको भन्दै खर्च कटाउँदा रु आठ लाख बचत गर्ने हुने गरेको जानकारी दिनुभयो । उहाँले गड्यौलाबाट उत्पादित मल भने आफ्नै तरकारी बारीमा प्रयोग गर्दै आउनुभएको छ ।

लामिछानेका छोरा सन्तोषले भारतीय तरकारीले ठूलो मात्रामा तरकारी खेती गर्ने गरेका कारण सस्तो हुने हुँदा नेपाली किसान मारमा परेको बताउनुभयो गर्नुभयो । "हामीले स्थानीय बजारलाई लक्ष्य गरेर ठूलोमात्रामा तरकारी उत्पादन गरेका हुन्छौं, उत्पादन लागत बढी पर्ने हुँदा हाम्रो तरकारी केही महँगो हुन्छ", उहाँले भन्नुभयो, "हाम्रो तरकारी बजारमा पुग्दा ठिक त्यही समय भारतीय तरकारी सस्तोमा बजारमा आउँछ, अनि नेपाली किसानले प्रतिस्पर्धा गर्न सक्दैनन् ।"

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१



हिमाल हेर्नेको लर्कोः
कास्कीको मादी गाउँपालिका-१ स्थित करिब तीन हजार ९०० मिटर अग्लो कोरी पहाडमा गत हप्ता बिहानको समयमा हिमाल हेर्न पुगेका आन्तरिक पर्यटक। कास्कीको सिक्लेसहुँदै पछिल्लो समय यो पहाडमा पुग्ने पर्यटकको स~~्या बढ्दो छ। तस्बिर : एकराज पाठक/रासस

# किसानको आलु कम्पनीले सिधैं खरिद गर्ने

**पोखरापत्र संवाददाता**
वालिङ, ८ मंसिर

स्याङ्जाका किसान र आलुका परिकार बनाउने कम्पनीबीच आलु खरिद गर्ने विषयमा द्विपक्षीय सम्झौता भएको छ। आलु उत्पादन गर्ने कृषक समूह, सहकारी, कृषि ज्ञान केन्द्र स्याङ्जा, स्थानीय पालिका र फस्ट च्वाइस फुड्स प्रालि रुपन्देहीबीच यहाँ उत्पादन भएको आलु खरिद गर्ने सम्झौता भएको कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले बताउनुभयो।

स्याङ्जामा पहिलोपटक यो कार्यक्रम लागू भएकाले अहिले किसान खेतमा आलु लगाउन ब्यस्त छन्। "यसपटक जिल्लाका विभिन्न आठ पालिकाका २८ समूह सहकारीमार्फत एक हजार सात सय रोपनी क्षेत्रफलमा आलु लगाउँदै हुनुहुन्छ", उहाँले भन्नुभयो, " नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)बाट प्रमाणित भएका खुमल उज्जल, खुमल विकास, जनकदेव जातको आलु लगाउने काम भइरहेको छ।"

छनोट भएका २८ समूह सहकारीलाई कार्यालयले बीउ खरिदमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने उहाँले बताउनुभयो। यन्त्र उपकरण खरिदका ५० देखि ७५ प्रतिशत तथा सङ्कलन केन्द्र, प्रशोधन कक्ष, सिँचाइलगायतका पूर्वाधार निर्माणका लागि ८५ प्रतिशतसम्म किसानले अनुदान पाउने छन्। "समूह सहकारीमार्फत उत्पादन भएको आलु बजारमा चलनचल्तीको दरबमोजिम कम्पनीले खरिद गर्ने सम्झौता भएको छ", उहाँले भन्नुभयो, "यहाँ उत्पादन भएको आलुको सहज बजारीकरण हुने भएको छ।"

किसानले उत्पादन गरेको परिमाणका आधारमा कृषि ज्ञान केन्द्रले प्रतिकेजी रु दुई प्रोत्साहन रकम अनुदान उपलब्ध गराउने उहाँले बताउनुभयो। आलु उत्पादन गर्ने समूह सहकारीलाई निःशुल्क विषादी, तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराइएको कृषि विकास स्रोत केन्द्र वालिङका प्रमुख सुदीप रेग्मीले बताउनुभयो।

आलु लगाउनुपूर्व नै बजारको सुनिश्चितता भएपछि अहिले समूह सहकारीहरू आलुखेतीको विस्तारमा लागेको उहाँले बताउनुभयो। "गण्डकी प्रदेश सरकारले अगाडि सारेको यो कार्यक्रमले उत्पादन, प्रशोधन र बजारलाई जोड्ने मुख्य उद्देश्य रहेको छ", उहाँले भन्नुभयो, "आगामी वर्षमा यसले थप व्यावसायिक उत्पादन र क्षेत्र विस्तारमा सहयोग पुग्ने देखिन्छ।"

खुमल उज्जल, खुमल विकास, खुमल उपहार र जनकदेव जातका उत्पादित आलु रुपन्देहीको शुद्धोधन गाउँपालिकाको मैनियामा रहेको फस्ट च्वाइस फुड्स प्रालिले खरिद गर्ने सम्झौता भएको कम्पनीका आलु बाली विशेषज्ञ श्याम ढकालले बताउनुभयो। यस वर्ष कम्पनीले आलुबाट फ्रेन्च फ्राइ, चिप्स उत्पादन गर्ने तयारी गरिरहेको र त्यसका लागि खुमल जातका आलु उपयुक्त हुने उहाँले बताउनुभयो। "अर्को वर्ष आलुका नयाँ-नयाँ परिकार बनाउने तयारी गरिरहेका छौँ" उहाँले भन्नुभयो। स्याङ्जाका ११ पालिकामध्ये आठ पालिकाका २८ समूह सहकारी यस अभियानमा जोडिएका छन्। आलु उत्पादनका दृष्टिले पकेट क्षेत्र मानिएको भिरकोट नगरपालिका-५ को पकानमा रहेको पकान आइपिएम कृषक समूहमा आबद्ध ३२ जनालाई अहिले सम्झौतानुसार आलु लगाउन भ्याइनभ्याई छ। सम्झौता भई कार्यक्रम लागू भएका स्थानमा अहिले किसान खेतमै व्यस्त देखिन्छन्। बजारको सुनिश्चितता पहिले नै भएकाले अहिले किसान आलु लगाउन निकै उत्साहित र सक्रिय भई लागेका समूहका अध्यक्ष शिवप्रकाश अर्यालले बताउनुभयो।

# अन्तर्राष्ट्रिय क्रसकन्ट्री दौड प्रतियोगिता : चिनियाँ खेलाडी पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ मंसिर

पोखरामा शनिबारदेखि सञ्चालन हुने नेपाल-चीनमैत्रीपूर्ण अन्तर्राष्ट्रिय पर्वतीय क्रसकन्ट्री दौड प्रतियोगितामा सहभागी हुन चिनियाँ खेलाडी पोखरा आइपुगेका छन्।

'साझा समृद्धिका लागि दौड'को नाराका साथ आयोजना गरिएको प्रतियोगिताका लागि हिमालयन एयरलाइन्सको विमानमार्फत चिनियाँ खेलाडी गए राति पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन्। प्रतियोगितामा सहभागी हुन चीनको कुनमिङबाट खेलाडी र अफिसियल गरी ९५ चार्टर विमानमार्फत आएका हुन्।

प्रतियोगितामा नेपालका लागि चिनियाँ राजदूत छन सङ, चीनको युनान प्रान्तको विदेश मामिला कार्यालयका दक्षिण एसिया निर्देशक झु वेनझोङ, युनान पर्वतारोहण तथा अन्तर्राष्ट्रिय खेल विभागका उपाध्यक्ष एवं महासचिव झोङ सी, युनान विश्वविद्यालयका प्राध्यापक एन सुइगेनलगायत अतिथिपोखरा आइपुग्नुभएको छ। खेलकुदका माध्यमबाट दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउँदै पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले चिनियाँ दूतावास, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको आयोजनामा प्रतियोगता गर्न लागिएको संयोजक विश्वशङ्कर पालिखेले जानकारी दिनुभयो। प्रतियोगिताको सहआयोजकमा युनान माउन्टेनरिङ एण्ड आउटडोर स्पोर्टस् एशोसिएसन र होटल एशोसिएसन पोखरा रहेका छन्।

संयोजक पालिखेका अनुसार सामूहिक, व्यक्तिगत प्रतिस्पर्धासँगै ह्याप्पी रन र विद्यार्थी दौड गरेर चार विधामा प्रतिस्पर्धा हुनेछ। सामूहिक प्रतिस्पर्धामा २० समूहले प्रतिस्पर्धा गर्नेछन्। सामूहिक विधामा नेपाल र मित्र राष्ट्र चीनका १०-१० टोलीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा कुल छ सय खेलाडी सहभागी हुने संयोजक पालिखेले बताउनुभयो। दौड, साइक्लिङ र डुङ्गा दौड गरेर ४० किलोमिटर दूरी धावकले पार गरेपछि विजेता चयन गरिनेछ। सामूहिक विधातर्फको विजेताले रु तीन लाख ६० हजार पुरस्कार पाउनेछन्। द्वितीयले रु दुई लाख ८८ हजार, तृतीयले रु दुई लाख १६ हजार र चौथो स्थान प्रप्त गर्नेले रु एक लाख ४४ हजार पुरस्कार पाउने आयोकजले जनाएको छ।

यसैगरी व्यक्तिगततर्फ ३८ किलोमिटर दूरीमा प्रतिस्पर्धा हुनेछ। विजेता महिला पुरुषले जनही रु एक लाख ४४ हजार पुरस्कार पाउनेछन्। उपविजेताले रु एक लाख आठ हजार, तृतीयले रु ५४ हजार र चोथौदेखि सातौँसम्मको रु १८ हजार र दसौँसम्मका धावकले रु नौ हजार पुरस्कार पाउनेछन्। लेकसाइडको बाराहीघाटबाट सुरु भएर बिरौटा, फ्रुसेखोला, रामदी, उल्लेरी, भुम्दी, लुकुनस्वाँरा, लिचीबोट हुँदै बाराहीघाटमै आएर समापन हुनेछ।

यसैगरी पाँच किलोमिटरको विद्यार्थी दौड प्रतियोगिताका विजेता छात्र-छात्राले जनही रु २५ हजार पाउनेछन्। द्वितीयले रु २० हजार, तृतीयले रु १५ हजार, सान्त्वनाले रु १० हजार र पाँचौंले रु पाँच हजार पुरस्कार प्राप्त गर्नेछन्।

# न्याय पाएकामा दङदास हुनुहुन्छ मैयाँ नेपाली

**पोखरापत्र संवाददाता**
पोखरा, ८ मंसिर

जातीय दुर्व्यवहार तथा छुवाछुतसम्बन्धी मुद्दामा जिल्ला अदालत कास्कीले गरेको फैसलाबाट पोखरा महानगरपालिका-२४ की वडा सदस्य मैयाँ नेपाली दङदास हुनुहुन्छ।

कास्की जिल्ला अदालतको फैसलाको विषयलाई लिएर संयुक्त दलित सङ्घर्ष समिति कास्कीले आज आयोजना गरेको पत्रकार सम्मेलनमा वडा सदस्य नेपालीले उक्त मुद्दामा आफूले न्याय पाएको बताउनुभयो।

पोखरा महानगरपालिका-२४ का वडाध्यक्ष भरतबहादुर अधिकारीले जातीय दुर्व्यवहार गरेको भन्दै उहाँले २०७९ पुस २४ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिनुभएको थियो। पोखरा महानगरपालिका-२४ का वडाध्यक्ष भरतबहादुर अधिकारीलाई जिल्ला अदालत कास्कीले साढे चार महिना कैद, रु ७५ हजार जरिवाना र रु १० हजार पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला गरेको छ।


## योजना सम्झौता गर्न आउँदा आवश्यक पर्ने कागजाहरु:

१, उपभोक्ताहरुको आम भेलाको उपस्थितीको फोटोकपि।
२, निर्माण समिति गठन गरेको माईन्युटको फोटोकपि।
३, समितिको नाम भएको छाप।
४, जनसहभागिता रकम समितिको खातामा जम्मा गरेको सक्कल भौचर।
५, सकितिमा रहेका सदस्यहरुको नागरिकता प्रमाण पत्रको फोटोकपि।
६, योजना स्टेमेण्ट कागज।
७, समितिले योजना सम्झौता गरि पाउँ भन्ने निवेदन।

वडा कार्यालय
पोखरा महानगरपालिका वडा नं- १३


# एभरेष्ट ...

जनाएको छ। रेडियोले 'म त रक्तदान गर्दैछु, तपाईं नि ? भन्ने नारासहित रक्तदान कार्यक्रमको क्याम्पेनिङ गरिरहेको छ। १७ बर्ष उमेर पुगेका, ६५ बर्ष ननाघेका, ४५ के.जि.तौल भएका, अघिल्लो पटक रक्तदान गरेका ३ महिना अर्थात ९० दिन पूरा भएका, पिरियड( मासिक रक्तश्राव/महिलाको हकमा) भएको छैटौं दिन पुगेका, मेजर अपरेसन नगरेका, क्यान्सर, किड्नी ट्रान्स्प्लान्ट नगरेका, ब्लड प्रेसर नर्मल (औषधि खाइरहेको भए पनि बि पि ठिक छ भने दिन मिल्छ) भएकाले ढुक्कले रक्तदान गर्न सक्ने रक्त संचार केन्द्र पोखराका प्राबिधिक प्रमुख अर्जुन ज्ञवालीले बताए।


एभरेस्ट मिडिया हाउसले एभरेस्ट एफएम ९३ मेगाहर्ज र एभरेस्ट आवाज डटकम सञ्चालन गर्दै आएको छ।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कुन उमेरका मानिसले दैनिक कति समय हिंड्ने ?

**डा ओम मूर्ति अनिल**



विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार प्रत्येक ४ मध्ये एक व्यक्तिको दैनिक हिडाईं पर्याप्त मात्रामा पुगेको छैन । किशोरवस्थाका बालबालिकाहरु ८० प्रतिशत भन्दा बढी पर्याप्त मात्रामा नहिँडेको विश्व स्वास्थ्य संगठनको तथ्याङ्क रहेको छ। अपर्याप्त मात्रामा हिडाईका कारण मुटु रोग तथा कम उमेरमा मृत्युको जोखिम २० देखि ३० प्रतिशतले बढ्ने गर्छ। नियमित हिडाईं शारीरिक तथा मानसिक दुवै स्वास्थ्यका लागि फाइदाजनक हुने गर्छ।

उ च्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मस्तिष्कघात, हृदयघात जस्ता रोगहरुको सम्भावनालाई शारीरिक सक्रियताले घटाउन सकिन्छ । विभिन्न प्रकारका क्यान्सरहरुका जोखिम न्यूनीकरणका लागि पनि शारीरिक सक्रियता महत्वपूर्ण मानिन्छ। स्तन तथा आन्द्राको क्यान्सरलाई घटाउनका लागि सक्रिय जीवनशैली आवश्यक पर्ने गर्छ । पर्याप्त मात्रामा हिँड्ने मानिसहरुको मानसिक स्वास्थ्य राम्रो भएको हामी पाउँछौं । पर्याप्त मात्रामा हिँड्ने मानिसहरुको हाडजोर्नी समेत बलियो हुने गर्छ । **कति हिँड्न जरुरी ?**

मानिसहरुमा यसबारेमा थुप्रै भ्रमहरु रहेको पाइन्छ। अधिकांश मानिसहरुमा दैनिक कति हिँड्नुपर्छ भन्ने कुराको ज्ञान छैन । कोही व्यक्ति लामो समयदेखि शारीरिक रुपमा निक्रिय रहेको छ भने चाँडै मृत्यु हुने जोखिम बढी हुन्छ । यदि उमेर ढल्केका मानिसहरु समेत हिँड्नु हुँदैनं भने मृत्युको जोखिम बढ्ने गर्छ। सक्रिय जीवनशैली भएका मानिसहरुले आफूलाई अचानक हुने मृत्युबाट जोगाउन सक्छ । दुर्भाग्यको कुरा भन्नुपर्छ आजको विश्वमा विकास भइरहेका विभिन्न प्रकारका खोज तथा अनुसन्धानले हामीलाई निस्क्रिय जीवन दिइरहेका छन् । त्यसैले आज मानिसहरु दिन प्रतिदिन शारीरिक रुपमा निष्क्रिय भइरहेको अवस्था छ। यसबारे ज्ञान हुँदाहुँदै पनि हामीले यसको समाधान गर्न सकेको अवस्था छैन । मानव शरीरको निर्माण प्रतिदिन ६० किलोमिटरसम्मको हिडाईलाई थेग्न सक्ने गरी बनाइएको मैले एक लेख पढेर थाहा पाएँ । हिडाईंका कारण मानव शरीरमा आउने पसिनाले मान्छेलाई झनै बढी उर्जा दिने विभिन्न अनुसन्धानहरुबाट पत्ता लगाइएको छ । गाउँ तथा सहर बसाईंका क्रममा मानिसहरुको हिडाईंमा फरक पर्नेगर्छ । सहरीया जीवनशैलीले मानिसलाई अल्छीपना उपहार दिएको छ । जसका कारण गाउँमा भन्दा सहरका मानिसहरु उच्च रक्तचाप, मधुमेह, मोटोपना, कोलेस्ट्रोरेल जस्ता समस्याबाट पिडित भएका छन् । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक व्यक्तिले दैनिक आधा घन्टा हिड्नुपर्ने हुन्छ । आधा घन्टामा उसले छिटो छिटो तीन किलोमिटरसम्म हिड्नुपर्ने हुन्छ। विस्तारै हिँड्नेहरुले दैनिक ५ किलोमिटर हिँड्नु आवश्यक छ । मांशपेशी चलाउने शारीरिक व्यायाम सातामा एक पटक मानव शरीरलाई आवश्यक पर्छ। विश्व स्वास्थ्य संगठनका अनुसार उच्च रक्तचाप, कोलेस्ट्रोरेल, मधुमेह जस्ता समस्या भएका व्यक्तिहरुले यसको दोब्बर हिँड्नुपर्ने हुन्छ। २० वर्ष उमेर काटिसकेपछि सहरमा बस्ने जोसुकैलाई पनि प्रेसर, सुगर जस्ता समस्या आउने गर्छन् । त्यसैले त्यस्ता व्यक्तिले दैनिक ६० मिनेट हिडँनैपर्ने हुन्छ।

उमेर बढ्दैं जाँदा मानिसमा रोग पनि बढ्दै जाने गर्छ । प्रदुषण तथा वंशाणुगत कारणले लाग्ने रोग बाहेक अन्य रोगहरु लाग्न नदिनका लागि मानिसको प्रयत्नले पनि काम गर्छ । मानिसले शारीरिक व्यायामद्वारा भने रोग लाग्ने सम्भावनालाई भने कम गर्न सक्छ।

**कुन उमेरका मानिसले दैनिक कति समय हिँड्ने ?**

३० वर्षभन्दा कम उमेरका व्यक्तिले दैनिक आधा घन्टा हिँड्नैपर्ने हुन्छ । ३० देखि ४५ वर्षसम्मका मानिसहरुले दैनिक ४५ मिनेटसम्म हिँड्नुपर्ने हुन्छ । ४५ वर्षदेखि ६० वर्षसम्मका मानिसले भने दैनिक १ घन्टासम्म हिँड्नु फाइदाजनक हुन्छ। त्यस्तै ६० देखि ८० वर्षका मानिसहरुले दैनिक विस्तारै २ घन्टा हिडेको स्वास्थ्यका लागि हितकर हुन्छ। यसरी हिडेमा अचानक हुने मृत्यु तथा अन्य स्वास्थ्य समस्याबाट बँच्न सकिन्छ। मेरो उपचार अनुभवमा शारीरिक रुपमा सक्रिय जीवनशैली अपनाउने बिरामीहरुमा कमै रोग पत्ता लागेको पाएको छु । तर जो व्यक्ति शारीरिक रुपमा निष्क्रीय छ त्यस्ता व्यक्तिलाई सुगर, प्रेसर लगायतका विभिन्न रोगहरुको बढी लागेको पाउन सकिन्छ। शारीरिक रुपमा सक्रिय जीवनशैली अपनाउने मानिसहरु मानसिक रुपमा समेत स्वस्थ भएको पाइन्छ। शारीरिक रुपमा सक्रिय जीवनशैली अपनाएमा मुटु रोग लाग्ने सम्भावना घटाउनका लागि महत्वपूर्ण भूमिका खेल्नेछ।

(वरिष्ठ मुटु रोग विशेषज्ञ)

# तिहारमा २४ करोड फूलको कारोबार

**रासस**
काठमाडौं, ८ मंसिर

यो वर्षको तिहारमा रु २४ करोड मूल्य बराबरको फूलको कारोबार भएको छ।

अघिल्लो वर्षको तिहारमा रु २६ करोडको कारोबार भएकामा यो वर्ष रु दुई करोड कम कारोबार भएको हो।

यो वर्ष फूलको उत्पादन राम्रो भए पनि मूल्य कम हुँदा गत वर्षको तुलनामा कारोबारमा कमी आएको पुष्प व्यवसायीको छाता संस्था नेपाल फ्लोरिकल्चर एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले जानकारी दिनुभयो । अध्यक्ष तामाङले भन्नुभयो, "गत वर्षको तिहारमा रु एक सयमा फूलको माला बिक्री भएको थियो भने यस वर्ष सरदर रु ६५ मा उपभोक्ताले फूल खरिद गरेका थिए, कारोबार कम हुनुको मुख्य कारण नै फूलको मूल्य कमी हुनु हो।" यो वर्षको तिहारमा रु ३१ करोड २८ लाख मूल्य बराबरको फूलको कारोबार हुने अनुमान रहे पनि झन्डै रु सात करोड कम कारोबार भएको छ। यो वर्ष ७० प्रतिशत भारतीय फूल प्रयोग भएको र ३० प्रतिशत मात्रै नेपालमै उत्पादन भएको फूल प्रयोग भएका कारण नेपाली उत्पादनले राम्रो बजार नपाएको अध्यक्ष तामाङको भनाइ छ।

भारतबाट ल्याई कोल्ड स्टोरमा राखिएको माला सस्तो पाउने भएपछि नेपाली फूलले समेत मूल्य नपाएको उहाँको भनाइ छ। यो वर्षको तिहारका लागि ४० लाख सयपत्री फूलको माला खपत हुने अनुमान गरिएको भए पनि ३० लाख सयपत्री, मखमली गोदावरी र मिक्स माला गरी जम्मा ३५ लाख फूलको माला खपत भएको बताइएको छ । पछिल्लो समय बजार माग वृद्धिसँगै विशेषगरी काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४८ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ।

नेपालमा हाल व्यावसायिक रूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ । नेपालमा लगभग दुई सय २१ हेक्टर क्षेत्रफलमा करिब एक हजार दुई सय व्यवसायीले यसको खेती गर्दै आएका छन् ।

यो वर्ष रु एक लाख मखमली फूलको माला विदेश निर्यात भएको छ । यसरी माला निर्यात हुने देशहरूमा अष्ट्रेलिया, अमेरिका, खाडी मुलुक रहेका छन्।

# कुबेर धामलाई धार्मिक पर्यटनको गन्तव्य बनाउनुपर्छ : उपसभामुख थापा

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ मंसिर



गण्डकी प्रदेशसभाकी उपसभामुख विनाकुमारी थापाले मालिकाको कुबेर धामलाई धार्मिक पर्यटनको गन्तव्य बनाउनुपर्ने बताउनुभएको छ।

बागलुङ नगरपालिका वडा नं. ५, मालिका, पञ्चासेस्थित निर्माणाधीन कुबेर धाममा आयोजित विश्व शान्ति अखण्ड श्री हरिनाम संकीर्तनको समापन गर्दै उपसभामुख थापाले धार्मिक पर्यटनको विकासमा कुबेर धाम कोसेढुंगा बन्न सक्ने धारणा व्यक्त गर्नुभयो । कुबेर धाम मालिका धार्मिक पर्यटन विकास संस्थाले आयोजना गरेको सो कार्यक्रममा उहाँले आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका हुने बताउनुभयो। कुबेर धामको विकासका लागि गण्डकी प्रदेश सरकारको आवश्यक ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गर्दै उपसभामुख थापाले धार्मिक पर्यटनको विकासमा सबैको हातेमालो जरुरी रहेको बताउनुभयो। कुबेर धाम नजिकै बागलुङ कालिका, पञ्चकोट, गलेश्वरजस्ता प्रसिद्ध तीर्थस्थलहरू रहेको भन्दै उहाँले धार्मिक केन्द्रहरूको संरक्षण र प्रवर्द्धनमा ध्यान दिनुपर्ने बताउनुभयो।

धर्मनिरपेक्षताले सबै धर्मलाई समान व्यवहार गर्ने बताउँदै उपसभामुख थापाले धार्मिक सहिष्णुता नेपालको पहिचान भएको समेत बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशसभाको प्रदेश मामिला तथा कानून समितिकी सभापति चम्पादेवी खड्काले कुबेर धामलाई यस क्षेत्रकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने धारणा व्यक्त गर्नुभयो। धार्मिक पर्यटनको विकास गर्दै यस क्षेत्रको आर्थिक गतिविधि बढाउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले गाउँमै बसेर स्वरोजगार हुने वातावरण बनाउनु आजको चुनौती रहेको बताउनुभयो। कुबेर धामको भौतिक विकासमा गण्डकी प्रदेश सरकारले ध्यान दिनुपर्ने बताउँदै सभापति खड्काले विकास निर्माणमा सबै राजनैतिक दल एकजुट भएर अघि बढ्नुपर्ने धारणा राख्नुभयो। कुबेर धाम मालिका धार्मिक पर्यटन विकास संस्थाका संस्थापक अध्यक्ष जगद्गुरु श्री हिमालय बाबाजीले कुबेर धामको विकासमा आफूले गरेको संकल्पमा स्थानीयबासीको साथ रहेको जनाउँदै सरकारले पनि यसको विकासलाई प्राथमिकतामा राख्ने कुरामा आफू विश्वस्त रहेको बताउनुभयो । कार्यक्रममा नेपाल सरकारका उपसचिव झंकनाथ ढकाल, वडाध्यक्ष हरिप्रसाद शर्माले कुबेर धामको विकासमा सबैको हातेमालो आवश्यक भएको बताउनुभयो।

# दरबन्दीअनुसार प्राविधिक नहुँदा योजना कार्यान्वयन गर्न समस्या

**पोखरापत्र संवाददाता**
गोरखा, ८ मंसिर

जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय गोरखामा दरबन्दीअनुसार प्राविधिक नहुँदा प्रभावकारी ढङ्गबाट योजना कार्यान्वयनमा समस्या भएको छ।

चालु आर्थिक वर्षमा कार्यालयअन्तर्गतका करिब एक सय ५५ योजना कार्यान्वयन गर्नुपर्ने भए पनि प्राविधिक नहुँदा तीव्रगतिमा अघि बढाउन समस्या भएको कार्यालयका प्रमुख मिलन पौडेलले जानकारी दिनुभयो।

कार्यालयमा छजना प्राविधिकतर्फको दरबन्दी रहे पनि आधा दरबन्दी खाली रहेको उहाँले बताउनुभयो । "दुईजना इन्जिनियरको दरबन्दी रहेकामा दुईवटै खाली छ", उहाँले भन्नुभयो, "हाम्रा योजना कार्यान्व्यनको मुख्य अङ्ग भने प्राविधिक नै हुन्, योजना कार्यान्वयनका लागि इन्जिनियर र ओभरसियर नहुँदा कार्यान्यनमा जटिलता भएको छ।"

दरबन्दीअनुसार कार्यालयमा प्राविधिक नभएकाले योजना कार्यान्व्यन प्रक्रिया अगाडि बढाउन ढिलाइ भएको छ । "दरबन्दीअनुसार प्राविधिक पठाइदिन मन्त्रालयलाई पत्राचार गरिसकेका छौँ", उहाँले भन्नुभयो, "मन्त्रालयले पठाउँछ भन्नेमा ढुक्क छौँ।" योजना सुरु गरे पनि कार्यालयबाट आवश्यकतानुसार प्राविधिक अनुगमनका लागि पुग्न नसक्ने अवस्था रहेको उहाँको भनाइ छ । "एउटै योजनाका लागि पाँच-सातपटक जानुपर्ने अवस्था पनि हुनसक्छ, तर थोरै कर्मचारी पर्याप्त नहुँदा दुई-तीन पटकमात्र प्राविधिक फिल्डमा पठाउनुपर्ने बाध्यता हुन्छ", उहाँले भन्नुभयो। योजनाको सङ्ख्या हेर्दा भएको दरबन्दीले नपुग्ने अवस्था रहेको कार्यालय प्रमुख पौडेलले बताउनुभयो।

"भएको दरबन्दीमात्र भए पनि काम गर्न सहज हुने थियो", प्रमुख पौडेलले भन्नुभयो, "वर्षैपिच्छे योजना सङ्ख्या बढ्दै जाने प्राविधिकचाहिँ घट्दै जाने अवस्था छ ।" प्राविधिकको अभावमा योजनाको गुणस्तर कायम गर्नसमेत कठिनाइ हुने उहाँले बताउनुभयो । "सबै कुरा निगरानीको पनि कुरा हो", उहाँले भन्नुभयो, "प्राविधिकको निगरानी कम हुने अवस्था आयो भने योजनाको गुणस्तर कायम गर्न समस्या हुनसक्छ।"

# मुवाथाई राष्ट्रिय च्याम्पियनसिपलाई विभिन्न व्यवसायिक संस्थाहरुको सहकार्य

**पोखरापत्र संवाददाता**
गोरखा, ८ मंसिर

पोखरामा हुने मुवाथाई राष्ट्रिय च्याम्पियनसिपलाई विभिन्न व्यवसायिक संस्थाहरुले सहकार्य गर्ने भएका छन् । प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा पुस ८ र ९ गते सञ्चालन हुने प्रतियोगितालाई विभिन्न व्यवसायिक संस्थाहरुले सहकार्य गर्ने भएका हुन्।

मार्शल आर्ट खेलको विशिष्ट रुपमा परिभाषित मुवाथाई खेल पछिल्लो क्रममा नेपालमा समेत यसको व्यवासयिकरणको अभ्यास सुरु भएको हो । सोही अभ्यासलाई अभियानको रुपमा अघि बढाउन पहिलो पटक प्रतियोगिता आयोजना गर्न लागिएको प्रतियोगिताका संयोजक एवं प्रदेश खेलकुद परिषदका सदस्य खगेन्द्र क्षेत्रीले बताए।

"हामीले पहिलो पटक अभियानको रुपमा मुवाथाई खेललाई स्थापित गर्न अघि बढेका छौं" क्षेत्रीले भने-"यसले गण्डकी प्रदेशमा मात्रै नभई राष्ट्रिय रुपमा समेत महत्वपूर्ण प्रभाव पार्ने छ । साथै यसले नेपालीमा यूवा खेलाडी उत्पादन र उनीहरुको क्षमता निर्खान समेत भूमिका खेल्नेछ ।" प्रतियोगिताको तयारी सुरु भए संगै सहकार्यका लागि विभिन्न व्यवसायिक संस्थाहरु समेत सहयोगका लागि अघि आएको संयोजक खत्रीले जानकारी दिए । जस अनुसार नेपाली कपडाको उत्कृष्ट व्राण्डको रुपमा रहेको भिटालिक, पोखरा १५ रामबजार स्थित यूवाहरुले सञ्चालनमा ल्याएको पोखरा अर्वान मार्ट, अटोमोवाइल तथा व्याट्रिहरुको कम्पनी एमरोन र एम्पेल लगायतका संस्थाहरु रहेका छन् । 'कन्टेन्डर' राष्ट्रिय मुवाथाई च्याम्पियनसिपलाई सहयोग गर्ने ति व्यवसायिक संस्थाहरु मध्ये पोखरा अर्वान मार्टले खेलाडी पुरस्कार राशीमा, भिटालिकले खेलाडीहरुको पोशाकमा र अन्य संस्थाहरुले व्यवस्थापनमा सहयोग गर्ने भएको संयोजक खत्रीले जनाए। "सहयोग गर्ने संस्थाहरुलाई म हार्दिक आभार व्यक्त गर्न चाहन्छु", उनले भने-"उहाँहरुको सहयोगले प्रतियोगितालाई भव्य बनाउन विशेष योगदान रहने छ।" यस्तै प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले पोखरालाई खेल पर्यटनको रुपमा विकास गर्न राष्ट्रिय मुवाथाई च्याम्पियनसिपले भूमिका खेल्ने बताए।

# ती पाईलाहरु



**वामनप्रसाद ढेवाजू**
**गौडाकोमुख-१३**

अन्धकारबाट उज्यालो तर्फ
अगाडी बढिरहेका पाईलाहरु
त्यहि अध्यारोमा गएर विलिन
हुने छन् एक दिन ती पाईलाहरु

उज्यालो तर्फ अगाडी बढन् खोज्ने
ति पाईलाहरुलाई साथ दिन
आउने छन् अन्य पाईलाहरु
सुख दुखमा, दुख सुखमा
आफ्नै पाईलाको साहारामा
बढने हो सधै अगाडी अगाडी
छुट्ने छन् साथदिने पाईलाहरु

हराउने छन् साथदिने ती पाईलाहरु
अध्यारो उज्यालो सँग सँगै
संघर्ष गर्दै अगाडि बढने खोज्ने
सुरक्षित हुन खोज्ने पाईलाहरु

थाहा छैन कति सुरक्षित छन्
अन्धकारबाट उज्यालो तर्फ
अगाडि बढीरहेका पाईलाहरु

थहा छैन कुनै एकदिन अचानक
विलाई जानेछ त्यहि अन्धकारमा
जाहाँबाट फर्कैर आउने छैन
ती पाईलाहरु जो अन्धकारमा
विलिन भएर जानेछ सदा सदाको लागि
जो कहिल्यै फर्कैर आउने छैन
जो कहिल्यै फर्कैर आउने छैन


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बड्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



## बिमालेख हरायो

साविक प्राइम लाइफ इन्स्योरेन्स कम्पनीबाट जारी गरिएका निम्न लिखित विवरणका विमालेखहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

| नाम | बिमालेख नं. |
|---|---|
| १) केशव काफ्ले | Pli १५१०००४४८८ |
| २) मिता नामिझ्ने | Pli १५१००१४२५१ |
| ३) मिता नामिझ्ने | Pli १५१००१४[illegible] |

सम्पर्क
हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड
सभागृहचोक शाखा, कार्यालय
पोखरा, फोन ०६१-५३४४५०

# सात वर्षदेखि रोकियो सडक निर्माण

रासस
तनहुँ, ८ मंसिर

अदालतमा मुद्दा परेपछि गण्डकी र लुम्बिनी प्रदेशका दुई जिल्ला जोड्ने सडकको काम सात वर्षदेखि रोकिएको छ । तनहुँको घिरिङ गाउँपालिकाको साभुङ देउरालीदेखि पाल्पाको केलादीघाट जोड्ने २५ किलोमिटरको कृष्ण मार्गको काम अदालतमा मुद्दा परेपछि रोकिएको हो ।

सडक निर्माणका लागि साबिक जिल्ला प्राविधिक कार्यालय (हालको पूर्वाधार कार्यालय) र निर्माण कम्पनीबीच विसं २०७३ वैशाख २३ गते सम्झौता भएको थियो । सम्झौताको १५ महिनाभित्र निर्माण सम्पन्न गर्ने म्याद रहे पनि सात वर्ष पुगिसक्दा पनि काम पूरा हुन नसकेको स्थानीयले गुनासो गरेका छन् । निर्माण कम्पनी र पूर्वाधार विकास कार्यालयबीचको विवादका कारण उच्च अदालतमा मुद्दा दर्ता भएको घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार उक्त मुद्दा उच्च अदालतमा विचाराधीन छ ।

मुद्दाका कारण काम थप अगाडि बढ्न नसकेको थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "निर्माण सम्झौताअनुसार निर्माणको काम सम्पन्न भई यस क्षेत्रको विकास र जनताको जीवनस्तरमा सहजता आउनुपर्नेमा अदालती प्रक्रियाका कारण थप सास्ती भएको छ ।"

काम नहुँदा सडकका लागि विनियोजित बजेट फ्रिज भएको छ भने धुलोका कारण स्थानीयवासीले सास्ती खेप्दै आएका छन् । कच्ची सडकका कारण हिउँदमा धुलो र वर्षामा हिलोका कारण दैनिक जीवन कष्टपूर्ण बनेको स्थानीय रोमाकान्त पोखेलेले बताउनुभयो ।

निर्माण कम्पनीले मुद्दाको सहजीकरण गर्नुभन्दा पनि मुद्दा लम्ब्याएर निर्माण नै नगर्ने अवस्था भएपछि उक्त मुद्दालाई छिटोभन्दा छिटो टुङ्गोमा पुऱ्याउन पहल थालिएको गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो । उहाँका अनुसार उक्त विषयमा कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने बारेमा अदालतमा आवश्यक बहस पैरवी गर्न यहाँका सरोकारवाला तथा उपभोक्ताले स्थानीयवासीसमेत रहनुभएका अधिवक्ता विष्णुभक्त सिग्देलेलाई जिम्मेवारी दिइएको छ । सिग्देलले भन्नुभयो, "सार्वजनिक सरोकारअन्तर्गतको विषयको मुद्दालाई अग्राधिकार दिई कानुनी प्रक्रिया चाँडो किनारा लगाउने सम्बन्धमा मलाई घिरिङ गाउँपालिकाका मान्यताप्राप्त राजनीतिक दल तथा पाँचवटै वडाका अध्यक्षहरुको संयुक्त निर्णयअनुसार जिम्मेवारी दिनुभएको छ ।" सिग्देलले गत मङ्सिर १ गते सर्वदलीय तथा वडाध्यक्षको निर्णय, घिरिङ गाउँपालिकाको आधिकारिक निवेदन, पूर्वाधार विकास कार्यालयलाई गरिएको सिफारिस पत्र, पूर्वाधार विकास कार्यालय तनहुँले मुख्य न्यायाधिवक्ताको कार्यालय पोखरालाई गरेको सिफारिसका साथ अनुरोध र उच्च अदालत पाटनलाई बोधार्थ र मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश पोखराले उच्च अदालत पाटनलाई उक्त मुद्दाको शीघ्र निकासका लागि अग्राधिकारमा राखी मुद्दा हेरी पाउन अनुरोधको पत्रसहित मङ्सिर ५ गते उक्त उच्च अदालत पाटनमा पत्र दर्ता गर्नुभएको छ ।

उक्त सार्वजनिक सरोकारको मुद्दाले अब अदालतमा अग्राधिकार पाई चाँडोभन्दा चाँडो कानुनी प्रक्रिया किनारा लाग्ने र यस क्षेत्रका जनताले विकासको अनुभूति गर्न पाउने सिग्देलले बताउनुभयो । उहाँले भन्नुभयो, "तनहुँको घिरिङ गाउँपालिका तथा स्याङ्जा, पाल्पा र नवलपुरको केही भागका जनताले उपभोग गर्ने उक्त कृष्णमार्गको निर्माणले त्यस क्षेत्रको विकासको ढोका खोल्ने हुँदा सबैले यस अभियानमा साथ र सहयोग गर्नुपर्छ ।"

तत्कालीन जिल्ला प्राविधिक कार्यालय तनहुँ र निर्माण कम्पनीबीच उक्त सडकको मोड सुधार, नाला निर्माण र ग्राभेल गर्ने कार्यका लागि सम्झौता भएको थियो । अदालतमा मुद्दाका कारण उक्त सडकका लागि आएको बजेट पनि पटकपटक फ्रिज भएको छ । तत्कालीन प्रतिनिधिसभाका सांसद केदार सिग्देलले क्षेत्र नं २ को रणनीति सडकका रुपमा उक्त सडक कालोपत्र गर्न रू ४० करोड विनियोजन गरे पनि मुद्दाकै कारण रकम खर्च हुन नसकेको बताउनुभयो । निर्माण कम्पनीले कामसा आलटाल गर्नुका साथै गुणस्तरहीन निर्माण गरेको भन्दै जिल्ला प्राविधिक कार्यालय तनहुँले उक्त निर्माण कम्पनीलाई कालोसूचीमा राखी निर्माण सम्झौता रद्द गर्ने प्रक्रिया सुरु गरेको थियो । आफूलाई कालोसूचीमा राख्ने प्रक्रिया सुरु भएपछि निर्माण कम्पनीले मध्यस्तकर्ताहरुसमक्ष उजुर गरेको थियो । मध्यस्तकर्ताहरुले स्थलगत अनुगमन गरेपछि निर्माण कम्पनीको पक्षमा फैसला गर्दै कम्पनीले दाबी गरे अनुसारको भुक्तानी दिनुपर्ने निर्णय गरेको थियो । मध्यस्तकर्ताको उक्त निर्णयप्रति चित्त नबुझाई प्राविधिक कार्यालयले उक्त निर्णय बदर गरिपाऊँ भनी उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेको थियो । सोही मुद्दा हालसम्म विचाराधीन रहेको छ ।

# पुरानै लयमा फर्कियो मुस्ताङको होटल व्यवसाय : करिब असी हजार पर्यटकले गरे भ्रमण

पोखरापत्र संवाददाता
म्याग्दी, ८ मंसिर

पछिल्लो एक महिनाको अवधिमा करिब ८० हजार पर्यटकले मुस्ताङ भ्रमण गरेका छन् । दसैँतिहार पर्व बिदाको अवसर पारेर गत कात्तिकमा मुस्ताङ घुम्ने आन्तरिक पर्यटकको सङ्ख्या उल्लेख्य रह्यो । जिल्ला प्रहरी कार्यालय मुस्ताङको तथ्याङ्कानुसार कात्तिकमा ७३ हजार आठ सय ७९ स्वदेशी र पाँच हजार पाँच सय चारजना विदेशी पर्यटकले भ्रमण गरेका हुन् ।

घाँसा प्रहरी चौकीले मुस्ताङ भित्रने र लेतेमा बाहिरिने आन्तरिक पर्यटकको तथ्याङ्क राख्ने व्यवस्था मिलाइएको छ । विदेशी पर्यटकको अभिलेख भने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको जोमसोम र लोमान्थाङस्थित कार्यालयले राख्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेका अनुसार दसैँ, तिहार, छठपर्व बिदाको अवसरमा मुस्ताङ घुम्ने पर्यटकको लर्को लागेको थियो । कात्तिकमा मुस्ताङमा १३ हजार नौ सय एक सवारीसाधनले पर्यटक बोकेर भित्रिएका थिए ।

छ हजार चार सय आठ मोटरसाइकल, छ हजार दुई सय ८९ कार-जिप तथा सात सय ५० वटा बसमार्फत पर्यटक मुस्ताङ भित्रिएका थिए । मुस्ताङ प्रवेश गर्ने घाँसा प्रहरी चौकीका प्रमुख प्रहरी नायब निरीक्षक प्रताप महतले अधिकतम दैनिक चारदेखि पाँच हजार पाँच सयको अनुपातमा पर्यटक मुस्ताङ भित्रिएका बताउनुभयो ।

बेनी-जोमसोम सडकमार्गका अलावा पोखरा-जोमसोम हवाईमार्गबाट पनि मुस्ताङमा पर्यटक भित्रिएका थिए । मुक्तिनाथको रानीपौवाका होटल व्यवसायी सुरेन्द्र गौचनले कात्तिकमा पर्यटक आगमन उत्साहजनक भएको जानकारी दिनुभयो । "विगतका वर्षमा दसैँतिहार याममा वर्षातका कारण सडक अवरुद्ध हुँदा अपेक्षाकृत पाहुना आएका थिएनन्, आएकाले पनि धेरै दुःख पाए", उहाँले भन्नुभयो "यसपालि सडक, मौसम सफा भएकाले छोटो समय घुमघाम गर्नेले मुस्ताङलाई रोजे ।" शरदयाम घुमघामका लागि उपयुक्त मानिन्छ । छठ सकिएपछि चिसो बढ्न थालेकाले पर्यटक आगमन घट्दै गएको छ ।

उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफा मुस्ताङका आकर्षण हुन् । मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बाताललगायत मुस्ताङका धार्मिक र पर्यटकीयस्थलमा पर्यटक आगमन पुरानै लयमा फर्किएको होटल व्यवसायीले बताएका छन् ।

# म्याग्दीमा स्थानीय जातका धानको उत्पादन बढ्यो

रासस
काठमाडौँ, ८ मंसिर

म्याग्दीको मङ्गला गाउँपालिका-२ रणबाङ्का हरिकृष्ण पौडेलले यस वर्ष १७ मुरी स्थानीय जातका गौरिया र गुडुरा धान भित्र्याउनुभयो । सोही गाउँपालिकाको वडा नं ५ छिसबाङ्का विकल सेनले पनि गत वर्षकोभन्दा दुई मुरी बढी गौरिया धान थन्क्याउनुभयो ।

पौडेल र सेनमात्रै होइन स्थानीय जातका धानखेती गरेका म्याग्दीका धेरै किसान यस वर्ष उत्पादन वृद्धि भएकामा खुसी छन् । यहाँका किसानले लगाएका गौरिया, गुडुरा, आँगा, ताकुमारे, जौधानलगायत सात थरी रैथाने धानको उत्पादन वृद्धि भएको किसानको भनाइ छ ।

रैथाने बाली लगाउँदा मेहनत र लागतअनुसारको उत्पादन नभएपछि किसानले बजारबाट उन्नत जातका बीउ किनेर लगाउँदै आएकामा पछिल्ला तीन वर्षयता स्थानीय जातका धानखेतीमा यहाँका किसानको आकर्षण बढेको हो ।

हाइब्रिड (उन्नत) जातका बीउको प्रयोग बढ्दै गएपछि स्थानीय तहले रैथाने बाली संरक्षण र प्रवर्द्धनमा किसानलाई प्रोत्साहित गर्न थालेपछि आकर्षण बढेको मङ्गला-५ छिसबाङका टेकबहादुर पुनले बताउनुभयो । उहाँका अनुसार यहाँका अधिकांश किसानले रैथाने धान खेती गरेका छन् । यसअघि किसानले उन्नत जातको बीउ प्रयोग गर्न थालेपछि स्थानीय जातका बाली लोप हुँदै गएको थियो । "गाउँघरमा पहिलेदेखि नै लगाउँदै आएका बाली लोप हुँदै जान थालेपछि यी बालीहरुको संरक्षण गर्नुपर्छ भन्ने लागेर २० मुरे फाँटमा गौरिया र जेठोबुढो धान रोपेका थियौँ", छिसबाङका कृषक दमन पुनले भन्नुभयो । उत्पादन थोरै भए पनि पोषिलो र स्वादिष्ट हुने, धान र चामल महँगो मूल्यमा बिक्री हुने, पराल पर्ने भएकाले तीन वर्षदेखि स्थानीय जातको बीउ प्रयोग गर्दै आएको उहाँले बताउनुभयो ।

उन्नत बाली थोरै जग्गामा खेती गरे पनि धेरै उत्पादन हुने, रैथाने बाली पाँच/सात मुरी फल्ने जग्गामा उन्नत ३०/३५ मुरी फल्ने हुँदा जिल्लाका धेरै किसान उन्नत जातको धान बढी लगाउने गरेका छन् । जिल्लामा उन्नत जातका नयाँनयाँ बीउ आउन थालेपछि रैथाने जातका धान लगाउनेको सङ्ख्या कम हुन थालेको कृषि ज्ञानकेन्द्र म्याग्दीले जनाएको छ ।

जिल्लाबाट रैथाने प्रजातिका धान विस्थापित हुँदै जाँदा नयाँ भनिएका विकासे धानका कारण विभिन्न खाले रोग र किराको सङ्क्रमण बढेको किसानको भनाइ छ । हाइब्रिड धानको अतिक्रमणमा परेपछि रैथाने बाली लोप हुँदै गएको मङ्गला-२ रणबाङ्का हरिकृष्ण पौडेलले बताउनुभयो । बजारमा उन्नत जातका बीउ आउन थालेपछि रैथाने बीउ किसानले बिस्तारै लगाउन छाड्दै गएपछि लोप हुने अवस्थामा पुगेको उहाँको भनाइ छ । "रैथाने बाली संरक्षण हुनुपर्छ भनेर कतिपय किसानले सम्बन्धित निकायमा माग गरेका छौँ", पौडेलले भन्नुभयो, "धानको गुणभन्दा पनि फल्ने मात्राको लेखाजोखामा किसानको ध्यान छ ।" उहाँका अनुसार उत्पादनमा कमी, बढ्दो जनसङ्ख्या, जग्गा घट्दोलगायत कारणले किसानले धेरै फल्ने जातका धानखेती गर्न थालेका हुन् ।

रैथाने धानका लागि गाई, भैँसीको मल प्रयोग गर्ने र नयाँ जातमा युरिया मलको भरमा उत्पादन हुने भएकाले खेती गर्न सहज हुने गरेको कृषक बताउँछन् । उन्नतको तुलनामा रैथाने बाली स्वास्थ्यका लागि धेरै राम्रो मानिए पनि त्यसको खेती गर्नेको सङ्ख्या कम हुँदै गएको छ । रैथाने बालीमा प्रोटिन, कार्बोहाइड्रेट, आइरन, क्याल्सियम पाइने भएकाले स्वास्थ्यका लागि राम्रो मानिन्छ ।

धानमात्रै होइन म्याग्दीका ग्रामीण भेगबाट स्थानीय प्राकृतिक स्रोत, ती स्रोतको उपभोग र प्रयोग गर्ने तरिका, रैथाने बीउबिजन, उच्च पहाडी तथा हिमाली क्षेत्रमा मात्र पाइने विशेष किसिमका जडीबुटी फूल, पुतलीका प्रजाति र जीवाणुसम्मका जैविक पदार्थ चोरी हुनेक्रम बढेसँगै जिल्लाका पहिचान बोकेका रैथाने स्रोत लोप हुने अवस्थामा पुगेका मङ्गला-५ का वडा सदस्य भूमिसरा बूढाथोकीले बताउनुभयो ।

करिब एक दशकअघिदेखि जिल्लाका गाउँबाट रैथाने प्रजातिका खाद्यान्न, हिउँदे बाली, दलहन र तेलहनका बाली, फलफूललगायतका बालीको बीउ, जुनेलो, सिलाम, आँगा, मार्सी, गुडुरा, गौरिया, जौधानलगायत धान, घैया, उवाललगायतका बालीको बीउ लोप हुँदै गएको कृषि ज्ञानकेन्द्र म्याग्दीले जनाएको छ ।

आयातित बीउबिजनको प्रयोग गर्नेक्रम बढ्दै गएपछि यहाँका कृषकको घरका भित्तामा पाकेका फर्सी, काक्रा, घिरौँलालगायतका बीउ टाँस्न छोडेका छन् भने धान, गहुँ, मकैलगायतका बालीका लागि बीउसमेत साँचेर राख्न पनि छोडेका छन् । म्याग्दीमा दुई हजार सात सय ५० हेक्टर क्षेत्रफलमा कोदो र तीन हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा धानखेती हुने केन्द्रले जनाएको छ । गौरिया, गुडुरा जेठो बुडो, जर्नेली, पहेँले, मार्सी, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण-३, खुमल-४, खुमल-१०, लुम्ले-२ लगायतका उन्नत जातका धानखेती हुने गर्छ ।

# सहकारी दर्ता, क्षेत्र विस्तार र सेवा केन्द्र स्वीकृतिमा रोक

रासस
काठमाडौँ, ८ मंसिर

सरकारले कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी सङ्घ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने निर्णय मन्त्रिपरिषद्बाट भएकाले सोहीअनुसार कार्य गर्न अनुरोध गरेको छ । गत कात्तिक २३ गतेको मन्त्रिपरिषद्को निर्णयबारे जानकारी गराउँदै मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुनसक्ने जोखिम बढ्दै गएकाले मन्त्रिपरिषद्को निर्णयानुसार रोक लगाइएको जानकारी दिनुभयो । देशभर ठूलो सङ्ख्यामा रहेका बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाबाट पछिल्लो समयमा ठूला-ठूला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि भएको मन्त्रालयले जनाएको छ । सहकारी संस्थाका सदस्य तथा बचतकर्ताको बचत फिर्ता हुन नसकी सहकारी संस्थामा गम्भीर समस्या सिर्जना हुन गएकाले अर्को व्यवस्था नभएसम्मका लागि त्यसरी रोक लगाइएको मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गरी जानकारी गराएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः २०११/१२/१३ गते

स्वर्गारोहणः २०८०/०७/२९ गते

स्व. ओमहरी खम्बु श्रेष्ठ

यस गुठीका गुठीयार पोखरा-१३, इन्द्रेणीमार्ग निवासी **ओमहरी खम्बु श्रेष्ठ**को निधनले हामी गुठी परिवार अती नै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज ११ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री पंचमी गुठी परिवार पोखरा**


# अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी सम्मानित

रासस
काठमाडौँ, ८ मंसिर

ग्लोबल नेप्लिज कराते अर्गनाइजेसनले १०औं विश्व सितोरियो कराते च्याम्पियनसिपका पदक विजेता खेलाडीलाई आज नगदसहित सम्मान गरेको छ ।

इन्डोनेसियाको जकार्तामा गत सेप्टेम्बर २२ देखि २४ तारिखसम्म भएको उक्त प्रतियोगितामा नेपालले एक स्वर्ण, तीन रजत र छ काँस्यपदक जितेको थियो । नेपालका लागि एरिका गुरुङले एक मात्र स्वर्ण दिलाएकी थिइन् । कार्यक्रममा १९औँ एसियाली खेलकुदकी ऐतिहासिक रजत विजेतासमेत रहेकी एरिकालाई ३० हजार नगदसहित प्रशंसा पत्र प्रदान गरियो । त्यस्तै रजत विजेता विप्लवलाल श्रेष्ठ, निरुपमा दोङ तामाङ र मोहम्मद शेखु अलामले १५ हजार नगदसहित प्रशंसा पत्र पाए । कास्य पदक जितेका सन्तोष श्रेष्ठ, सबिना श्रेष्ठ, आशिष थापा, पुष्पका लामा, एलिशा राजकोटी मगर र सानुमाया थिङले जनही रु १० हजारसहित प्रशंसापत्र प्रदान गरियो । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, बागमती प्रदेशसभा सदस्य मीनकृष्ण महर्जन, अर्गनाइजेसनका अध्यक्ष एवं आठौं दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता सुरेन्द्रलाल श्रेष्ठ, अर्गनाइजेसनका प्रमुख सल्लाहकार एवं करातेका संस्थापक थानेश्वर राई र नेपाल कराते महासङ्घका अध्यक्ष युवराज लामाले नगद, प्रशंसापत्र, खेल सामग्री र सहयोग रकम हस्तान्तरण गर्नुभयो ।

# बाघको आक्रमणबाट एकसहित दुईको मृत्यु

रासस
चितवन, ८ मंसिर

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बाघको आक्रमणबाट एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा राप्ती नगरपालिका वडा नं १ दुवीचौरका ४३ वर्षीय हरि पौडेल रहेका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आज बिहान ९:४५ बजे पौडेलको मकवानपुरको मनहरी गाउँपालिका-६ लोथरस्थित राप्ती दोभानमा घाँस काट्न गएको बेला बाघको आक्रमणबाट मृत्यु भएको हो ।

यसैगरी नारायणी नदीमा माछा मार्न गएका एक व्यक्ति मृत फेला परेका छन् । भरतपुर महानगरपालिका वडा नं १६ निवासी १८ वर्षीय समीर परियार मृत फेला परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार बिहीबार साँझ घर नजिकै नारायणी नदीमा माछा मार्न गएका परियार शुक्रबार मृत अवस्थामा फेला परेका हुन् । बिहीबार साँझ परिवारको सम्पर्कमा नआएका उनलाई आज बिहान खोजतलास गर्दा फेला परेको प्रहरीले जनाएको छ ।